वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत
२०७९।०८।२५

# ११ औ कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय न. १.निर्णय कार्यान्वयन अवस्था सम्बन्धमा**

यस अघीका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्दै जाने ।

**निर्णय नं. २. भूमीको वर्गीकरण**

भूमी सम्बन्धी ऐन, २०७६ र नियमावली, २०७९ अनुसार यस नगरपालिकाको स्थानीय भू उपयोग परिषद्ले वर्गीकरण गरेको **वीरेन्द्रनगर नगरपालिकाको जग्गा वर्गीकरण सम्बन्धी आधार र मापदण्ड २०७९**, स्वीकृत गर्दै कार्यान्वयन गर्ने निर्णय गरियो। **(यसै निर्णय साथ संम्लग्न पाना संख्या ९ भएको नीति /मापदण्ड)**

**निर्णय न. ३. कानून तर्जुमा सम्बन्धमा**

(अ) नगरपालिकाको विधायन समितिबाट पेशहुन आएका देहायका कार्यविधिहरु आजको बैठकमा पेश भई छलफल गरियो । छलफलमा प्राप्त सुझाव समावेश हुने गरि संशोधन सहित कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो । निम्न

(क) सामुदायिक पशु व्यवस्थापन कार्यविधि, २०७९

(ख) सार्वजनिक नीजि साझेदारी सम्बन्धी कार्यविधि, २०७९

(ग) नगर खेलकुद विकास कार्यविधि,२०७९

(आ) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२)(क) अनुसार कामकाज गर्ने गरी नगर प्रहरीको व्यवस्थापन गर्न आवश्यक भएकाले नगर प्रहरी सम्बन्धी विधेयक तयार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. ४. समितिलाई पुर्णता दिने सम्बन्धमा**

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ६.२.१ अनुसार यस नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गठन हुने योजना अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरु मनोनित गरी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत
२०७९।०८।२५

# ११ औ कार्यपालिका बैठकको निर्णयहरु

**निम्न**

१.धुव्र कुमार चपाई वडा अध्यक्ष वडा न ७ २.लक्ष्मी चौधरी कार्यापालिका सदस्य

**निर्णय नं. ५. सिटी बसपार्क ठेक्का व्यवस्थापन कार्यविधि संशोधन गरि नयाँ ठेक्का सम्वन्धमा**

वीरेन्द्रनगर नगरपालिकामा अवस्थित सिटी बसपार्क व्यवस्थापन गर्न बनाईएको बसपार्क व्यवस्थापन कार्यविधि, २०७६ मा भएका कानूनी व्यवस्थाहरुलाई समय सापेक्ष रुपमा परिमार्जन एवं शंसोधन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने र नगरपालिकाबाट हाल अमानतमा संचालन भईरहेको वसपार्कलाई व्यवस्थित तरिकाले संचालन तथा व्यवस्थापन गर्न आवश्यक कानूनी प्रवन्ध गरी ठेक्का व्यवस्थापन प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ६. सिटी बसपार्क सटर भाडा सम्बन्धमा**

वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ सुर्खेतमा निर्मित सिटी वसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि वीरेन्द्रनगर नगरपालिका र पि.आर. कन्स्ट्रक्सन प्रा.लि. चाँगुनारायण-२, भक्तपुर बीच मिति २०७७/०५/१७ मा सम्झौता भई आय ठेक्का कार्यान्वयन भएकोमा दोस्रो पक्षले सम्झौतामा उल्लेख भए वमोजिमको भाडा आफुले उठाई नगरपालिकालाई रकम नवुझाई सम्झौताका शर्तहरुको गम्भीर उलंङ्घन गरेकोले प्रचलित कानून वमोजिमको प्रकिया पुर्याई मिति २०७९।०७।०५ गतेको नगर कार्यपालिकाको वैठकवाट विधिवत रुपमा ठेक्का अन्त्य गरि कानूनी उपचारमा अगाडी वढने र बसपार्क भित्र रहेका सटरहरुलाई राजस्व परामर्श समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार A, B, C मापदण्डमा वर्गीकरण गरि क्रमश: A वर्गको सटरको मासिक भाडा रु. २५,०००।-,B वर्गको सटरको मासिक भाडा रु.२०,०००।-र C वर्गको सटरको मासिक भाडा रु. १५,०००।- कायम गर्ने निर्णय भएको तर सटरमा व्यवसाय गर्ने व्यवसायीले दोस्रो पक्षलाई भाडा वुझाई सकेको जस्ता विभिन्न समस्या देखाई नगरपालिकामा हालसम्म सटरभाडा वापत राजश्व रकम जम्मा नभएको हुँदा राजस्व शाखाले अन्तिम पटकको लागि ७ दिनको म्याद दिई सार्वजनिक सूचना जारी गरी राजस्व उठाउने व्यवस्था मिलाउने र तोकिएको समयमा सटर भाडा वापतको राजश्व भुक्तानी नगर्ने व्यवसायीलाई प्रचलित कानून वमोजिम राजश्व रकम असुल उपर गर्न स्थानीय प्रशासनको सहयोग लिई कानूनी दायरामा ल्याउने निर्णय गरियो

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल भण्डारी
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत
२०७९।०८।२५

# ११ औ कार्यपालिका बैठकको निर्णयहरु

## निर्णय न. ७. घण्टाघर विद्युत महशुल लगायतका दायित्व भुक्तानी

(क) घण्टाघर पार्कको विद्युत महशुल लामो समय देखी भुक्तान गर्न बक्यौता बाँकी रु.१,८२,९१०।– रकम बुझाउन नेपाल विद्युत प्राधिकरण सुर्खेत वितरण केन्द्रबाट पत्र प्राप्त भएकोले उक्त वक्यौता भुक्तानी सम्बन्धमा उक्त विद्युत मीटर कसको नाममा छ एकीन गरी सिघ्र रुपमा तिर्ने व्यवस्था मिलाउने ।

(ख) वीरेन्द्रनगर नगरपालिका वडा न १२ को कार्यालयबाट पेश भएको कार्यालय संचालन तर्फको विविध खर्च विवरण मध्ये निम्न खर्च अनुमोदन गरी चालु आर्थिक वर्षको उपयुक्त खर्च शिर्षकबाट व्ययभार हुने गरी भुक्तानी गर्ने ।

निम्न

| फर्म | रकम |
|---|---|
| सुजल डेकोरेटिभ हाउस | ९८४२३।- |
| दिपक फर्निचर उद्योग | ९५१६८।- |
| प्रकृती ट्रेर्डस | ३३९८४।- |
| बागेश्वरी हृपाईप | ६५५४०।- |
| रावत सटिङ | ३५४९९।- |
| **जम्मा** | **३,२८,६१४।-** |

## निर्णय न. ८ स्वास्थ्य सेवाका कर्मचारीको व्यवस्थापन

वीरेन्द्रनगर नगरपालिकामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको विभिन्न मितिको निर्णयानुसार कामकाजका लागि खटिएका दरवन्दी भन्दा बढीका ५१ जना स्वास्थ्य सेवाका कर्मचारी कार्यरत रहेको र उहाँहरुको तलव भत्ता यस पूर्व मन्त्रालयवाट निकासा हुँदै आएको अवस्थामा सो मन्त्रालयको मिति २०७९।०४।३० को माननीय मन्त्रिस्तरिय निर्णयानुसार स्वीकृत दरवन्दी भन्दा वढीका कर्मचारीको तलव भत्ता नदिने र सोको व्यवस्थापन पालिकाबाटै हुन भनि परिपत्र समेत भएको अवस्थामा वीरेन्द्रनगर नगर कार्यपालिकाको मिति २०७९।०५।२८ को निर्णयानुसार तलव/भत्ता व्यवस्थाको लागि कार्यपालिकाको निर्णय समेत संलग्न राखी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंमा यस कार्यालयबाट मिति २०७९।०६।०६ मा पत्र मार्फत अनुरोध भएको तर मन्त्रालयवाट हाल सम्म पनि तलव भत्ताको सुनिश्चिता सम्वन्धी निर्णय प्राप्त नभएको र यस पालिकावाट यस

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

# वीरेन्द्रनगर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## वीरेन्द्रनगर सुर्खेत
## २०७९।०८।२५

# ११ औ कार्यपालिका बैठकको निर्णयहरु

आ.वमा स्वीकृत दरवन्दी भन्दा वढीका कामकाजमा खटिईएका कर्मचारीका लागि तलव विनियोजन नभएको साथै तलव, भत्ता लगायतको दायित्व भुक्तानी गर्ने राजश्व क्षमता वीरेन्द्रनगर नगरपालिकाको नभएकोले, मन्त्रालयवाट विभिन्न मितिमा स्वीकृत दरवन्दी भन्दा वढीका कामकाजमा खटिएका कर्मचारीहरुको व्यवस्थापन तहाँ मन्त्रालयबाटै हुने गरि काज फिर्ता गर्ने र सोको जानकारी सम्वन्धित कर्मचारीलाई दिने ।

**निर्णय न. ९ योजना संशोधन तथा म्याद थप सम्बन्धमा**

(क) गत विगत आर्थिक वर्षमा यस नगरपालिकाबाट बोलपत्र आह्वान भई नियमानुसार आयोजना सम्झौता भई निर्माण चरणमा रहेका तर सम्पन्न हुन बाँकी आयोजनहरु सार्वजनिक खरिद नियमावली बाह्रौ संशोधन २०७९ को नियम (१२०) (क) (१) बमोजिम निवेदन प्राप्त भएकोमा उक्त आयोजनाहरु मध्ये देहायका ३ आयोजनाहरुको मात्र उपनियम (३) अनुसार थप आर्थिक व्ययभार नपर्ने गरी बढीमा संवत २०८० आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निम्न

(क) शहरी स्वास्थ्य केन्द्र गरगरे भवन निर्माण वडा न १३
(ख) वडा कार्यालय भवन निर्माण वडा न १६
(ग) वडा कार्यालय भवन निर्माण वडा न ६

**(ख)** आर्थिक मामिला तथा योजना मन्त्रालयको चालु आ.व. को वार्षिक कार्यक्रम अन्तगत वडा न १२ को रत्न राजमार्ग देखी उत्तर कालीदल गेट सम्म सडक कालोपत्रे गर्ने योजनामा रु ३० लाख विनियोजन भएकोमा उक्त योजना हाल पूर्वाधार कार्यालय मार्फत सम्पन्न भएको हुँदा यस योजनालाई सोही सडकसँग जोडिएको प्रकाश खड्काको घर देखी जनजागृती विद्यालय हुँदै बटला चौक जोड्ने सडकमा नाला निर्माण र सडक स्तरोन्नी गर्ने कार्यका लागी शिर्षक परिवर्तन गरि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने ।

**(ग)** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को चालु आ.व. को वार्षिक कार्यक्रम अन्तगत वडा न १२ को रोशन थापाको घर पश्चिम सडकमा नाला निर्माण गर्ने योजनामा रु १५ लाख विनियोजन भएकोमा उक्त योजना सम्पन्न गर्न नसकिने भनि वडाबाट योजना परिवर्तनका लागी अनुरोध भई आएकोमा यस योजनालाई नेवारे स्कूल पूर्व भविलाल भण्डारीको घर हुँदै भेरीपारे टोलमा सिचाई कुलो तथा नेवारे खोला तटबन्धन गरी करीडोर निर्माण गर्ने कार्यका लागी शिर्षक परिवर्तन गरिदिनका लागी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत
२०७९।०८।२५

# ११ औ कार्यपालिका बैठकको निर्णयहरु

(घ) कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम अनुसार वडा न १० मा प्रेम वि सि को घर देखी पश्चिमको सडक स्तरोन्नती भनी स्वीकृत भएकोमा यस योजनाको नाम प्रेम विसिको घर देखी दक्षिण तर्फको सडक स्तरोन्नती हुनुपर्ने भनी सिफारिस भई आएकाले सोही बमोजिम निर्णय गरियो ।

**निर्णय न. १० विविध**

**(क)** यस नगरपालिकामा विगत देखी कार्यरत केही महिला स्वास्थ्य स्वयंसेविकाहरु आफनो ६० वर्षको उमेर हदका कारण नगरपालिकाको सेवाबाट अलग हुनुपरेकाले चालु आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेट तर्फ जनस्वास्थ्य प्रवर्द्धन अन्तर्गत महिला स्वास्थ्य स्वंयसेविकाको स्वेच्छिक बिदाई र दिवस संचालन शिर्षकमा विनियोजित बजेटबाट व्ययभार पर्ने गरी प्रति स्वयंसेविका रु ५० हजारका दरले निवृत्त प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो ।

(ख) प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को क्रममा मतदाता शिक्षा संचालन कार्यमा खटिएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई पारिश्रमिक वाफत प्रति व्यक्ति १० हजारका दरले उपयुक्त शिर्षकबाट व्ययभार हुने गरी प्रोत्साहन रकम उपलब्ध गराउने ।

(ग) नेपाल पत्रकार महासंघको केन्द्रिय महाधिवेश मिति २०७९।०९।०८ र ०९ गते वीरेन्द्रनगर सुर्खेतमा हुने भएकाले यस कार्यका लागी नगरपालिकाको चालु आर्थिक वर्षको सार्वजनिक सेवा सुशासन शिर्षक अन्तर्गत संचार क्षेत्र प्रोत्साहन तथा सहकार्य विविध कार्यक्रम बाट व्ययभार हुने गरी रु २ लाख ५० हजार रकम लागत साझेदारी गर्ने ।

(घ) सुर्खेत जिल्ला एथलेटिक्स संघको म्याराथुन प्रतियोगिता कार्यक्रमका लागी नगरपालिकाको चालु आर्थिक वर्षको सामाजिक विकास क्षेत्र शिर्षक अन्तर्गत खेल प्रवर्द्धन र युवा सचेतना कार्यक्रम बाट व्ययभार हुने गरी रु १ लाख रकम लागत साझेदारी गर्ने ।

(ङ) यस नगरपालिका भित्र रहेका विपन्न १००० घरधुरीका लागी सुधारीएको चुलो वितरण गर्न ईच्छुक फर्महरुबाट प्रस्ताव आह्वान गरी पेश भएका मध्येबाट प्रतिस्पर्धाको प्रवर्द्धन हुने गरी ईच्छुक साझेदारसँग ५० प्रतिशत र सम्बन्धीत घरधुरी सँग २० प्रतिशत र बाँकी ३० प्रतिशत म्याचिङ फण्ड शिर्षक अन्तर्गत नगरपालिकाबाट लागत सहभागिता रहने गरी साझेदारीमा कार्यक्रम संचालन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत
२०७९।०८।२५

# ११ औ कार्यपालिका बैठकको निर्णयहरु

(च) विपद USAID/TAYER को आर्थिक सहयोग र वातावरण सुधार समाजको संयोजनमा यस नगरपालिकामा संचालित पुरक खाद्य सुरक्षा अनुदान वितरण कार्यक्रम मार्फत खाद्य सुरक्षाको जोखिममा रहेका वडा समितिबाट सिफारिस भए बमोजिमका व्यक्तिहरुलाई मात्र नगद अनुदान उपलब्ध गराउन सैद्धान्तिक स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

(छ) नेपाल नगरपालिका संघको च न २२ मिति २०७९।०५।०८ गतेको पत्रानुसार नगरपालिका संघको वार्षिक सदस्यता नविकरण शुल्क रकम भुक्तान गर्ने ।

(ज) वीरेन्द्रनगर नगरपालिकाका विभिन्न सडक लगायत वडा न ८ का निम्न सार्वजनिक स्थानमा रहेका स्थायी एवं अस्थायी अतिक्रमित सार्वजनिक संरचना हटाई सोको उचित संरक्षण गर्ने वीरेन्द्रनगर नगरकार्यपालिकाको मिति २०७९।०२।२३ लगायत विभिन्न मितिमा भएको निर्णय कार्यान्वयन गर्न १५ दिने सार्वजनिक सूचना जारी गर्ने सोको लागि वडा स्तरवाट सवै जनसाधारणमा जानकारी दिने व्यवस्थाका लागि पत्राचार गर्ने निर्णय गरियो । निम्न

(क) महिला प्रशिक्षण केन्द्र देखी - कालुङचोक सम्मको दैलेख सडक दायाँ बाँया खण्ड
(ख) क्यापस रोड देखी सिम्ताली चोक सडक दायाँ बाँया खण्ड
(ग) माथेमा प्लालिङ अनुसार बहिरा स्कूल देखी दक्षिण तर्फ समदर्शी मार्ग शिव उपाध्यायको घर सम्मको सडक खण्ड र सो बाट पूर्व कटकुवा मार्ग जोड्ने बाटो
(घ) आवास क्षेत्र अन्तर्गतका पार्क तथा सार्वजनिक क्षेत्रहरु

(झ) यस नगरपालिका अन्तर्गत रहेको शहरी स्वास्थ्य केन्द्र वडा न ८ मा चालु आर्थिक वर्षको वार्षिक कार्यक्रममा स्वास्थ्य केन्द्रबाट ल्याब सेवा संचालन गर्ने निर्णय भई बजेट व्यवस्था समेत भएको सन्दर्भमा वडा कार्यालयलाई ल्याब टेक्निसियन कर्मचारी नियुक्ती गरी सेवा संचालन गर्न सैद्धान्तिक स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

(ञ) यस नगरपालिकाको चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम अनुसार कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम अन्तर्गत नगरका १६ वटै बडामा तथ्यांक संचालन गर्नका लागी पशुपन्छी विकास निर्देशनालय सुर्खेतको रु १ लाख, संघीय बजेटको रु ५० हजार बजेटमा यस नगरपालिकाको तर्फबाट उपयुक्त शिर्षकबाट २ लाख रकम सहकार्य गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

(ट) रत्नराजमार्गको सुब्बाकुना देखी बाङेसिमल सम्म सडकको क्षेत्राधिकारमा निर्माण भएका स्थायी एंव अस्थायी संरचनाहरु हटाउन सडक डिभिजन कार्यालय सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

२०७९।०८।२५
प्रमुख प्रशासकीय अधिकृत

मोहनमाया ढकाल (भण्डारी)
नगर प्रमुख

CamScanner